# नेपाल आदिवासी जनजाति महासंघ

## प्रदेश, जिल्ला, पालिका तथा वडा समन्वय परिषदको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी

नेपाल आदिवासी जनजाति महासंघ
Nepal Federation of Indigenous Nationalities

# नियमावली - २०८१

नेपाल आदिवासी जनजाति महासंघ
Nepal Federation of Indigenous Nationalities

# नेपाल आदिवासी जनजाति महासंघ प्रदेश, जिल्ला, पालिका तथा वडा समन्वय परिषदको गठन, काम, कर्तब्य र अधिकार सम्बन्धी नियमावली - २०८१

नेपाल आदिवासी जनजाति महासंघको विधान २०४७-२०५३, पहिलो संशोधन, २०६३ दोस्रो संशोधन २०७८ को दफा (१८) ले दिएको अधिकार प्रयोग गरी मिति २०८१ बैशाख २८ र २९ गते काठमाण्डौमा सम्पन्न नेपाल आदिवासी जनजाति महासंघ संघीय परिषदको दोस्रो बैठकले महासंघको प्रदेश, जिल्ला, पालिका तथा वडा समन्वय परिषदको गठन, काम, कर्तब्य र अधिकार सम्वन्धि नियमावली-२०८१ बनाएको छ ।

# भाग १

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यस नियमावलीको नाम "नेपाल आदिवासी जनजाति महासंघ प्रदेश, जिल्ला, पालिका तथा वडा समन्वय परिषदको गठन, काम, कर्तब्य र अधिकार सम्वन्धि नियमावली-२०८१ रहेको छ ।

ख) यो नियमावली संघीय परिषदको बैठकबाट पारित भएपछि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा- विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा-**

क) "बिधान" भन्नाले नेपाल आदिवासी जनजााति महासंघको विधानलाई सम्झनु पर्छ ।

ख) "महासंघ" भन्नाले नेपाल आदिवासी जनजाति महासंघ, संघीय परिषद, प्रदेश समन्वय परिषद, जिल्ला समन्वय परिषद, पालिका समन्वय परिषद तथा वडा समन्वय परिषद समेतलाई सम्झनु पर्छ ।

ग) "आदिवासी जनजाति" भन्नाले हिन्दु वर्णाश्रम भित्र नपर्ने आ^नो परम्परागत भौगोलिक बसोबास क्षेत्र, धर्म, संस्कृति, लिखित अलिखित र मौखिक इतिहास, मौलिक मातृभाषा, परम्परागत रितिरिवाज, साँस्कृतिक पहिचान र सामाजिक संरचना भएको अनुसूचि बमोजिमको आदिवासी जनजातिलाई बुझाउँदछ ।

घ) "अनुसूची" भन्नाले आदवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ मा उल्लेख भएको अनुसूची र यस विधानमा ब्यवस्था गरिएको अनुसूची समेतलाई बुझाउँदछ ।

ङ) "समन्वय परिषद" भन्नाले महासंघको प्रदेश, जिल्ला, पालिका तथा वडा समन्वय परिषद् समेतलाई बुझाउँदछ ।

च) "सचिवालय" भन्नाले महासंघको प्रदेश, जिल्ला, पालिका तथा वडा समन्वय परिषदको सचिवालय समेतलाई बुझाउँदछ ।

छ) "सदस्य-संगठन" भन्नाले ❑महासंघ❑ को सदस्यता प्राप्त गरेको जातीय सदस्य संगठनहरुलाई बुझाउँदछ ।

ज) "पदाधिकारी" भन्नाले महासंघका प्रदेश, जिल्ला, पालिका तथा वडा समन्वय परिषद सचिवालयका पदाधिकारीहरुलाई बुझाउँछ ।

झ) "समन्वय परिषद सदस्य" भन्नाले महासंघमा आवद्ध सदस्य संगठनको तर्फवाट प्रतिनिधित्व गर्ने ब्यक्तिलाई बुझाउँदछ ।

ञ) मातृ संस्था "भन्नाले महासंघको संघीय, प्रदेश, जिल्ला, पालिका तथा वडा समन्वय परिषद्मा प्रतिनिधित्व गर्ने पदाधिकारीको आ^नो जातीय संस्था (

सदस्य संगठन) भन्ने बुझाउँदछ ।

ट) "नियमावली" भन्नाले नेपाल आदिवासी जनजाति महासंघ प्रदेश, जिल्ला, पीलका तथा वडा समन्वय परिषदको नियमावली २०८१ लाई बुझाउँछ ।

## भाग २

प्रदेश, जिल्ला, पालिका तथा वडा समन्वय परिषदको गठन र उद्देश्यहरु

**३.समन्वय परिषदको गठन**

क) महासंघको सदस्य संगठनहरुका मातहतका विभिन्न कार्य समितिबाट प्रदेश तहमा कम्तिमा ७, जिल्ला तहमा कम्तिमा ५, पालिका तथा वडा तहमा कम्तिमा ३ भन्दा बढी सदस्य संगठनहरु गठन भएकोमा सो संगठनहरुको प्रतिनिधित्व हुने गरी नेपाल आदिवासी जनजाति महासंघ प्रदेश, जिल्ला, पालिका तथा वडा समन्वय परिषदको गठन गर्न सकिनेछ । उक्त समन्वय परिषदहरुले महासंघको विधान र नियमावलीको अधिनमा रही आˆनो कार्य गर्नेछन् ।

ख) महासंघले व्यक्ति सरह चल-अचल सम्पति प्राप्त गर्न र हस्तान्तरण गर्न वालिन सक्नेछ ।

ग) महासंघले आˆनो नामबाट नालेस वाउजुर गर्न सक्नेछ । साथै महासंघ उपर पनि नालेस वाउजुर लाग्न सक्नेछ ।

४. प्रदेश, जिल्ला, पालिका तथा वडा समन्वय परिषदको उद्देश्यहरु नेपाल आदिवासी जनजाति महासंघ प्रदेश, जिल्ला, पालिका तथा वडा समन्वय परिषदको उद्देश्यहरु देहाय बमोजिम हुनेछन ।

क) प्रदेश, जिल्ला, पालिकातथा वडामा रहेका विद्यमान सम्पूर्ण आदिवासी जनजातिहरुको बीचमा पारसपरिक एकता, सद्भाव र एवं भातृत्व सत्भाव अभिबृद्धि गरी आ-आˆनो क्षेत्रमा सक्रिय सहयोग गर्ने, गराउने ।

ख) आदिवासी जनजातिहरुको संगठनहरुलाई समन्वय गरी सम्बन्धित सबै तहमा नीति निर्माण गर्ने र नेतृत्वको विकास गर्ने ।

ग) नेपालका विभिन्न आदिवासी जनजातिहरुको भाषा, लिपि, धर्म, संस्कृति, साहित्य शिक्षा आदि क्षेत्रमा समान विकास गर्न र हकअधिकार प्राप्तिका लागि सबैसँग आ-आˆनो क्षेत्रमा मिली सहकार्य गर्ने एवं सहयोग पुर्‍याउने

घ) आदिवासी जनजातिहरुको लागि राज्यबाट विशेष संरक्षण, विकास र आर्थिक उत्थानको निम्ति कार्य गराउन पहल गर्ने ।

ङ) नेपालको जुनसुकै भागमा जातिभाषा, धर्म, लि□, वर्ण, आदिको आधारमा हुने भेदभावपूर्ण व्यवहारको विरुद्धमा ऐक्यवद्धता जाहेर गर्दै सबै खाले विभेदको विरुद्ध संघर्ष गर्ने ।

च) समान उद्देश्य भएका विभिन्न तहका जातीय संघ/संस्थाका कार्य समिति सँग आवश्यक सम्पर्क समन्वय एवं सम्वन्धको विस्तार गर्ने ।

छ) विभिन्न आदिवासी जनजाति संघ/संस्थाहरुको संस्थागत विकासको लागि सहयोग पुऱ्याउने र तिनीहरुको सशक्तिकरण गराउन पहल गर्ने ।

ज) आदिवासी जनजातिहरुको पुर्ख्यौली थाकथलो, प्रथाजनित अभ्यास भएका क्षेत्र, साथै उनीहरुको सामाजिक, साँस्कृतिक, भाषिक सघनता भएको क्षेत्र वा भूगोलको अध्ययन गरि उक्त क्षेत्रलाई त्यहाँको रैथाने आदिवासी जनजातिहरुको संरक्षित क्षेत्र, विषेश क्षेत्र र स्यायत्त क्षेत्र निर्माण गर्न पहल गर्ने ।

## भाग-३

### समन्वय परिषद्को व्यवस्था

### ५. समन्वय परिषद्को व्यवस्था

क) समन्वय परिषदहरु महासंघका अविछिन्न निकायहरु हुनेछन ।

ख) □महासंघ□का प्रदेश, जिल्ला, पालिका तथा वडा समन्वय परिषद्□ हुनेछन । जो महासंघलाई क्रियाशील रुपमा निरन्तर अगाडि बढाउन भूमिका निर्वाह गर्दै संचालन भै रहने समन्वय परिषदका रुपमा हुनेछन् । समन्वय परिषद्मा प्रत्येक सदस्य संगठनले एक जना पुरुष र एक जना महिला सहित दुई जना सम्बन्धित जातीय संस्थाहरुले सम्बन्धित समन्वय परिषद्को सदस्यका लागि प्रतिनिधित्व गर्न पठाउनु पर्नेछ, जो समन्वय परिषदका सदस्य हुनेछन् । तर बैठकमा गणपूरक संख्याको रुपमा गणना गर्दा १/१ गरेर सदस्य संगठनलाई गणना गरिनेछ ।

ग) महासंघका सबै तहका सचिवालयका पदाधिकारीहरु समन्वय परिषद्को बैठकमा सचिवालयको भूमिकामा सहभागी हुनेछन् ।

### ६. सदस्य संगठनको काम, कर्तव्य र अधिकार

क) महासंघका सबै तहका अधिवशेन, सम्बन्धित समन्वय परिषद् र अन्य बैठकहरुमा भाग लिने, आफूलाई लागेको सुझाव पेश गर्ने, गराउने, महासंको हितको लागि अन्य आवश्यक कार्यहरु गर्ने, गराउने ।

ख) सम्बन्धित समन्वय परिषद्मा प्रतिनिधि पठाउने तथा सम्बन्धित तहमा महासंघलाई क्रियाशील बनाउनमा सहयोग गर्ने ।

ग) महासंघको विधान अन्तर्गत बनेको नियम, विनियमको अधिनमा रही काम

गर्ने । तर सदस्य संगठन स्वायत्त एवं सार्वभौम संगठन भएकोले आˆनो जातिको हितार्थ काम गर्ने स्वतन्त्रता माथि यसले वन्देज लगाएको मानिने छैन ।

घ) महासंघको उद्देश्य प्राप्तिको लागि आयोजना गरिएको कार्यक्रमहरुमा सहभागी हुने र तोकिएको जिम्मेवारी बहन गर्ने ।

**७. प्रदेश, जिल्ला, पालिका तथा वडा समन्वय परिषद सचिवालयको गठन,**

क) महासंघको दैनिक कार्य सञ्चालनको लागि प्रदेश समन्वय परिषदको अधिवशेनबाट अध्यक्ष-१, उपाध्यक्ष-४ (महिला-२), मुख्य सचिव-१, सचिव-४ (महिला-२), कोषाध्यक्ष १ गरी ११ सदस्यीय सचिवालयको गठन हुनेछ । यसैगरी जिल्ला, पालिका तथा वडा समन्वय परिषदको अधिवेशनबाट अध्यक्ष-१, उपाध्यक्ष-४ (महिला-२), सचिव-१, सहसचिव-४ (महिला-२), कोषाध्यक्ष १ गरी ११ सदस्यीय सचिवालयको गठन हुनेछ ।

ख) एक जातीय संगठनबाट एकभन्दा बढी पदमा पदभार गर्न पाइने छैन । तर माथि दफा ७ क मा उल्लेखित सचिवालयको जम्मा संख्या भन्दा संगठित रुपमा कम जातिय संस्थाहरु प्रतिनिधित्व रहेको प्रदेश, जिल्ला, पालिका र वडाको हकमा सचिवालय गठन गर्दा अधिवेशनमा उपस्थीत भएका जातीय संगठनहरुबाट बहुपदहरु ( उपाध्यक्ष, सचिव/सहसचिव ) मा मात्रै बाँकी संख्या थप गरि सचिवालयलाई पुर्णता दिन सकिने छ ।

**८. प्रदेश, जिल्ला, पालीका तथा वडा समन्वय परिषद सचिवालयको काम, कर्तव्य र अधिकार**

क) महासंघको दैनिक कार्यालय सञ्चालन गर्ने ।

ख) प्रदेश, जिल्ला, पालिका तथा वडा समन्वय परिषदको अधिवेशनले पारित गरेका प्रस्ताव तथा निर्णयहरु कार्यन्वयन गर्ने ।

ग) आवश्यक कार्यक्रमहरु तर्जुमा गर्ने ।

घ) प्रदेश, जिल्ला, पालिका तथा वडा समन्वय परिषदको बैठक बोलाउने ।

ङ) प्रदेश, जिल्ला, पालिका तथा वडा समन्वय परिषद्द्वारा आयोजित अधिवेशनमा प्रस्तुत गरिने कार्य प्रगति तथा आर्थिक प्रतिवेदनहरु तयार गर्ने र पारित गराई उपल्लो तहको समन्वय परिषदको सचिवालयमा पठाउने ।

च) आवश्यकता अनुसार कर्मचारीको नियुक्ती गर्ने तथा बर्खास्त गर्ने ।

छ) सम्बन्धीत विभागमा सदस्य मनोनयन गर्ने ।

ज) प्रदेश, जिल्ला, पालिका तथा वडा समन्वय परिषदका आदिवासी जनजाति सदस्य संगठनहरुको अनुगमन र समन्वय गर्ने ।

झ) आदिवासी जनजातिका मुद्धाहरुलाई सम्बन्धीत परिषदले सम्बन्धीत प्रदेश, जिल्ला, पालिका तथा वडा समन्वय परिषद लगायत सरकारको निकायहरुमा पेश गर्ने र कार्यन्वयनका लागि सकृय रहने ।

ञ) आदिवासी जनजातिहरुको पुर्ख्यौली थाकथलो, प्रथाजनित अभ्यास भएका क्षेत्र, साथै उनीहरुको सामाजिक, साँस्कृतिक, भाषिक सघनता भएको क्षेत्र

वा भूगोलको अध्ययन गरि उक्त क्षेत्रलाई त्यहाँको रैथाने आदिवासी जनजातिहरुको संरक्षित क्षेत्र, विशेष क्षेत्र र स्यायत्त क्षेत्र निर्माण गर्न पहल गर्ने ।

ट) प्रदेश सचिवालयका सचिवहरुको संयोजकत्वमा बढीमा ८ सदस्यीय प्रदेश स्तरिय विभागहरु गठन गरि कार्य गर्न सकिने छ । सदस्य मनोनयन गर्दा सम्बन्धीत आदिवासी जनजातिय संस्था संग समन्वय गर्नु पर्ने छ । प्रदेश, जिल्ला, पालिका तथा वडा समन्वय परिषदहरुमा आवश्यक विभागहरु गठन गर्न सकिने छ ।

ठ) महासंघको माथिल्लो तहहरुबाट प्राप्त सर्कुलर तथा निर्देशनहरुलाई कार्यन्वयन गर्ने ।

ड) आवश्यक अन्य रचनात्मक कार्यहरु गर्ने ।

**९. प्रदेश, जिल्ला, पालिका तथा वडा सचिवालयमा पदाधिकारी बन्न उम्मेदवारी दिन पाउने व्यवस्था ।**

क) महासंघको प्रदेश, जिल्ला, पालिका तथा वडा समन्वय परिषद सचिवालयका पदाधिकारीहरुमा उम्मेदवारी दिनका लागि महासंघको सम्बन्धित सदस्य संगठनको सम्बन्धित कार्य समितिबाट आधिकारिक उम्मेदवारी सिफारिस पत्र अनिवार्य पेश गर्नु पर्नेछ ।

ख) महासंघको समन्वय परिषद सचिवालयका पदहरुमा उम्मेदवार बन्नको लागि नेपाल आदिवासी जनजाति महासंघको सदस्य संगठनको सम्बन्धित कार्य समितिको पदमा कम्तिमा एक पदावधि कार्य गरेको वा सो समितिमा कार्यरत व्यक्ति अथवा समन्वय परिषद सदस्य हुनुपर्नेछ । तर पहिलो अधिवेशनको हकमा यो प्रावधानले बाधा पुऱ्याएको मानिने छैन ।

**१०.प्रदेश, जिल्ला, पालिका तथा वडा समन्वय परिषद सचिवलयमा पदाधिकारी बन्न उम्मेदवारी हुन नपाउने व्यवस्था**

क) महासंघको सचिवलयमा दुई कार्यकाल पूरा गरि सकेको एउटै व्यक्ति उम्मेदवार हुन पाउने छैन ।

ख) महासंघको सम्बन्धित कार्य समितिमा नेतृत्व (अध्यक्षता) गरिसकेको सदस्य संगठन (जाति) बाट अध्यक्ष पदमा निरन्तर उम्मेदवार बन्न पाइने छैन ।

ग) माथि उपदफा ख मा जुन कुरा उल्लेख भए पनि संगठित रुपमा दुई वा दुई भन्दा कम जातिय संस्था रहेको प्रदेश, जिल्ला, पालिका र वडाको हकमा उक्त प्रावधान लागू हुने छैन ।

**११. सचिवालयको बैठक**

क) प्रदेश, जिल्ला, पालिका तथा वडा समन्वय परिषद सचिवालयको बैठक २

महिनामा १ पटक  बस्नु पर्नेछ ।

ख) आवश्यकता अनुसार जुनसुकै समयमा पनि सचिवालयको बैठक बस्न सक्नेछ ।

ग) बहुमतको निर्णय सचिवालयको निर्णय मानिने छ ।

घ) सचिवालयको कुनै पनिपदाधिकारी सचिवालयको नियमित बैठकमा विना सूचना ३ पटक लगातार अनुपस्थित भएमा स्वतः पद रिक्त भएको मानिनेछ । रिक्त भएको पदमा सम्बन्धित सदस्य संगठनबाट पदपूर्ति गर्नु पर्नेछ ।

**१२. दोहोरो पदाधिकार सम्बन्धि व्यवस्था**

क) महासंघ अर्न्तगत जुनसुकै तहका सचिवालयको पदाधिकारीहरु अन्य सचिवालय वा समन्वय परिषदको सदस्य पदमा दोहोरो जिम्मेवारीमा रहन सक्ने छैनन् ।

ख) महासंघको कुनै पनि तहमा बहाल रहेको व्यक्ती सो भन्दा माथील्लो तहमा निर्वाचित भएमा स्वतः तल्लो तहको जिम्मेवारी खारेज हुनेछ ।

## भाग ४

**अधिवेशन सम्बन्धी व्यवस्था**

**१३.अधिवेशन**

क) महासंघ अर्न्तगत प्रदेश, जिल्ला, पालिका तथा वडा समन्वय परिषदको अधिवेशन प्रत्येक ३/३ वर्षमा एक पटक तोकिएको मिति, समय र स्थानमा सम्पन्न गर्नु पर्नेछ ।

Nepal Federation of Indigenous Nationalities

ख) अधिवेशनले आधारभूत नीति र कार्यक्रम तर्जुमा गर्नेछ ।

ग) अधिवेशन बोलाउने र सम्पन्न गर्ने जिम्मेवारी सम्बन्धित समन्वय परिषद्को सचिवालयलाई हुनेछ ।

घ) अधिवेशन बोलाउँदा कम्तिमा एक महिना अगाडि सम्बन्धित सदस्य संगठनहरु र आफ्नो माथिल्लो निकायलाई जानकारी, सूचना एवं पत्राचार गर्नु पर्नेछ ।

ङ) प्रत्येक समन्वय परिषदको अधिवेशन गर्दा माथिल्लो निकायको अनिवार्य रोहबरमा मात्रै नयाँ कार्य समितिको चयन गर्नु पर्नेछ । माथिल्लो निकायको रोहबर विना गरिएको अधिवेशनलाई मान्यता प्रदान गरिने छैन ।

**१४. अधिवेशमा सहभागि प्रतिनिधिहरू**

क) महासंघ अर्न्तगत प्रदेश, जिल्ला, पालिका तथा वडा समन्वय परिषदका

सम्पूर्ण सदस्यहरु, सचिवालयका सम्पूर्ण पदाधिकारीहरु ।

ख) प्रत्येक सदस्य संगठनबाट २ महिला सहित जम्मा ५जना प्रतिनिधिले अधिवेशनमा भाग लिनेछन् । यी प्रतिनिधिहिरु, समन्वय परिषद सदस्य र सचिवालयका पदाधिकारी मध्ये सम्बन्धित जातीय संगठनको तर्फबाट सिफारिस गरिएका १ जनाले मात्र अधिवेशनमा मत दिने र उम्मेदवार बन्न पाउने छन्

### १५. अधिवेशनको काम, कर्तव्य र अधिकार

क) मूख्य(सचिवरसचिवबाट प्रस्तुत कार्य प्रगति प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

ख) कोषाध्यक्षबाट प्रस्तुत महासंघको आर्थिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

ग) अधिवेशनबाट प्रदेश समन्वय परिषद सचिवालयको अध्यक्ष-१, उपाध्यक्ष-४ (महिला-२), मुख्य सचिव-१, सचिव-४ (महिला-२), कोषाध्यक्ष १ गरी ११ सदस्यीय सचिवालयको निर्वाचित गर्ने । यसैगरी जिल्ला नगर, गाँउ र वडा समन्वय परिषद सचिवालयको अध्यक्ष-१, उपाध्यक्ष-४ (महिला-२), सचिव-१, सहसचिव-४ (महिला-२), कोषाध्यक्ष १ गरी ११ सदस्यीय सचिवालयको निर्वाचित गर्ने ।
प्रदेश, जिल्ला, पालिका तथा वडा समन्वय परिषद् सचिवालयको पदहरु मध्ये ३३ प्रतिशत अर्थात ४ जना महिला अनिवार्य हुने गरी सर्वसम्मत अथवा निर्वाचन प्रक्रियाद्वारा सचिवालय चयन गर्नु पर्नेछ ।

घ) अधिवेशनमा ५१ प्रतिशत सदस्य संगठनको उपस्थितिलाई गणपुरक संख्या पुगेको मानिने छ ।

नेपाल आदिवासी जनजाति महासंघ
Nepal Federation of Indigenous Nationalities

## भाग-५

अध्यक्ष, उपाध्यक्ष, मूख्य(सचिवरसचिव, सहसचिव,कोषाध्यक्ष र परिषद सदस्यको काम, कर्तब्य र अधिकार

### १६.अध्यक्ष

क) सचिवालय तथा समन्वय परिषद् बैठकको अध्यक्षता गर्ने ।

ख) सचिवालयमा तथा समन्वय परिषद् बैठकमा बराबर मत भएमा निर्णायक मत दिने ।

ग) बैठक, परिषद तथा अधिवेशनमा पेश गरिने प्रस्तावहरु तयार गर्ने गराउने तथा पारित प्रस्तावहरु कार्यान्वयन गर्ने गराउने ।

घ) नियमित बैठक बाहेक आकस्मिक बैठकहरु बोलाउन मूख्य(सचिवरसचिव सँग परामर्श गरी आवश्यक कार्य गर्ने ।

ङ) महासंघका सदस्य सगठन तथा समन्वय परिषद्को सुपरिवेक्षण गरी आवश्यक परामर्श लिने वा दिने कार्य गरी कार्यक्रम तर्जुमा गर्ने ।

च) आ-आ´नो तहमा महासंघलाई संगठित र सु-ब्यवस्थित रुपमा कायम राख्न विशेष ध्यान दिने ।

छ) महासंघका आवश्यक अन्य कार्यहरु गर्ने ।

## १७. उपाध्यक्ष

क) अध्यक्षको अनुपस्थितिमा निजले तोकिएको उपाध्यक्षले निजको काम, कर्तब्य र अधिकारको प्रयोग गरी आ-आ´नो तहमा महासंघलाई नेतृत्व प्रदान गर्ने ।

ख) महासंघबाट तोकिएको जिम्मेवारी पुरा गर्न गराउन सदा तत्पर रहने ।

ग) अध्यक्षलाई सहयोग पुऱ्याउने ।

घ) महासंघलाई क्रियाशिल बनाई अगाडि बढाउने ।

ङ) उपाध्यक्षहरुले सदस्य संगठनहरुको अनुगमन तथा सुपरिवेक्षण गर्ने, गराउने ।

च) समन्वय तथा परामर्शदायी भूमिकाको निर्वाह गर्ने ।

छ) अन्य तोकिएको कार्यहरु गर्ने ।

## १८. मुख्य सचिव रु सचिव

क) प्रदेश, जिल्ला, पालिका तथा वडामा आ-आ´नो तहको प्रशासनिक तथा दैनिक कार्य संचालन गर्ने ।

ख) महासंघको आ-आ´नो तहको सम्पूर्ण कागजातहरुको जिम्मा लिने, प्रगति प्रतिवेदन पेश गर्ने, महासंघका सदस्य संगठन सँग परामर्श गर्ने र सचिवालय बैठकमा अध्यक्ष सँग परामर्श गरि प्रस्ताव पेश गर्ने ।

ग) बैठकमा पेश हुने प्रस्तावहरुको मस्यौदा तथा बैठकको मिति तोकी आ-आ´नो समन्वय परिषद्का सदस्यहरुलाई पत्राचार गर्ने ।

घ) सचिवालय तथा समन्वय परिषद्बाट भएका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने ।

ङ) समन्वय परिषद्बाट कार्य प्रगति प्रतिवेदन अनुमोदन गराई अधिवेशनमा पेश गर्ने ।

च) महासंघले ब्यहोर्नु परेका सामाजिक, आर्थिक राजनैतिक समस्याको पहिचान गरी आगामी दिनहरुमा ती चुनौतीलाई सामना गर्नु पर्ने भावी कार्यक्रमहरुको रुपरेखा अधिवेशनमा पेश गर्ने ।

छ) अन्य तोकिएको कार्यहरु गर्ने ।

### १९.सहसचिव

क) सचिवको अनुपस्थितीमा सचिवले गर्ने कार्यहरुको जिम्मेवारी पूर्वक कार्य संचालन गर्ने ।

ख) सचिवालय तथा समन्वय परिषद्को बैठकले दिएको जिम्मेवारी वहन गर्ने ।

ग) अन्य तोकिएको कार्यहरु गर्ने ।

### २०.कोषाध्यक्ष

क) कोषाध्यक्षले आ-आ^नो समन्वय परिषदको आर्थिक कोषको कार्यहरु सम्पादन गर्नेछ । निजले आ-आ^नो समन्वय परिषद् र सचिवालयको कोषाध्यक्षको हैसियतले कोषको जिम्मेवारी वहन गर्नुपर्नेछ ।

ख) महासंघको आय-ब्ययको विवरण पारदर्शी रुपमा राख्ने ।

ग) महासंघले गरेका आर्थिक कारोवारहरुको प्रत्येक आ.व.मा लेखा परिक्षण गराई माथील्लो तहमा पेश गर्ने र आगामी वर्षको लागि अनुमानित बजेट आ-आ^ना समन्वय परिषद्को बैठकमा प्रस्तुत गर्ने ।

घ) कोषाध्यक्षले महासंघको समन्वय परिषद्बाट आर्थिक प्रतिवेदन अनुमोदन गराई अधिवेशनमा पेश गर्ने ।

ङ) महासंघको चल/अचल सम्पत्तिको विवरण राख्ने तथा तिनीहरुको संरक्षण सम्वर्द्धन गर्ने ।

च) अन्य तोकिएको कार्यहरु गर्ने ।

स्पष्टिकरण- महासंघ अर्न्तगतका सबै तहका समन्वय परिषद् सचिवालयका पदाधिकारीहरु आ-आ^नो पदीय हैसियतले आ-आ^नो समन्वय परिषद् तथा अधिवेशन प्रति उत्तरदायी हुनेछन् ।

नेपाल आदिवासी जनजाति महासंघ
Nepal Federation of Indigenous Nationalities

### २१. समन्वय परिषद सदस्य

क) समन्वय परिषदको बैठकमा भाग लिने, विचार ब्यक्त गर्ने ।

ख) महासंघको उद्देश्य प्राप्त गर्न सक्रिय भई महासंघ र आ^नो जातीय संगठनको पुलको काम गर्ने ।

ग) तोकिएका अन्य आवश्यक कार्यहरु गर्ने ।

## भाग-६

### आर्थिक सम्बन्धी व्यवस्था

### २२. कोष

क) महासंघ अर्न्तगतका सबै समन्वय परिषदको आ-आ^नो कोष हुनेछ । जसमा

सदस्यता शुल्क, अनुदान, दान-दातव्य वा देश विदेशबाट प्राप्त विभिन्न स्रोतहरुबाट प्राप्त हुने रकम आम्दानीमा बाँधिनेछ ।

ख) कोषको रकम महासंघ अर्न्तगतका समन्वय परिषदको आ-आˆनो नामबाट कुनै बैंकमा खाता संचालन गर्ने र महासंघको कोषाध्यक्षको हस्ताक्षर अनिवार्य गरी अध्यक्ष वा मूख्य(सचिवरसचिव मध्ये कुनै एकको हस्ताक्षरबाट खाता संचालन गर्ने ।

## भाग-७

### समन्वय परिषद्को बैठक

### २३.समन्वय परिषद्को बैठक

क) महासंघ अर्न्तगतका सबै समन्वय परिषद्को बैठक वर्षमा १ पटक अनिवार्य बस्नु पर्नेछ ।

ख) सचिवालयले आवश्यक ठानेमा कुनै पनि बखत बैठक बस्न सक्नेछ ।

ग) समन्वय परिषद्को बैठकमा सचिवालयले गरेका निर्णयहरु अनुमोदनका लागि अनिवार्य पेश गर्नु पर्नेछ ।

घ) समन्वय परिषद्को बैठकमा सचिवालयले भावी कार्यक्रमहरुको योजना पेश गर्नु पर्नेछ ।

### २४. समन्वय परिषद्को काम, कर्तव्य र अधिकार

समन्वय परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) अधिवेशनद्वारा पारित प्रस्तावहरुका साथै नीति तथा कार्यक्रमहरुको तर्जुमा गरी निरिक्षण, मूल्यांकन गर्ने र विधान र नियमावलीमा उल्लेखित उद्देश्यहरुको प्राप्तिका लागि आवश्यक कार्यक्रमहरु गर्ने, गराउने ।

ख) अधिवेशनको आयोजना गर्ने ।

ग) महासंघका समन्वय परिषद्को सचिवालयका पदाधिकारीको पदावधि समाप्त भएको मितिले बढिमा ३ महिना भित्रमा अर्को अधिवेशन अनिवार्य गराउनु पर्ने ।

घ) सचिवालयले गरेका कार्यहरुको आवश्यक छलफल सुझाव सहित अनुमोदन गर्ने ।

ङ) समन्वय परिषद्का सदस्यहरुले महासंघमा आफूसँग सम्बन्धित संगठनको प्रतिनिधित्व गर्ने ।

च) समन्वय परिषद्ले तोकिएको मूख्य(सचिवरसचिव र कोषाध्यक्षद्वारा पेश हुने वार्षिक प्रगति प्रतिवेदन र आर्थिक प्रतिवेदन माथि छलफल गरी आवश्यक सुझाव सहित पारित गर्ने ।

छ) समन्वय परिषद्ले समन्वय परिषद् सचिवालयका सम्पूर्ण कार्यहरु अनुगमन गरी निर्देशन दिने ।

ज) समन्वय परिषद्ले सदस्य संगठनहरुको अनुगमन गरी आवश्यक सल्लाह सुझाव लिने, दिने ।

## २५. गणपूरक संख्या

प्रत्येक बैठकको लागि साधारण बहुमत ५१ प्रतिशत पुगेमा गणपुरक संख्या पुगेको मानिनेछ । गणपुरक नपुगी बैठक बस्न नसकेको अवस्थामा अर्को बैठक दोश्रो पटकका लागि एक तिहाइ उपस्थिति भए पनि गणपुरक पुगेको मानिने छ ।

## २६. पदावधि

सबै तहका समन्वय परिषद् सचिवालयका पदाधिकारीहरुको पदावधि चयन भएको मिलिते ३ वर्षको हुनेछ तर विशेष परिस्थीतिमा जिल्ला र प्रदेशको हकमा संघीय परिषद सचिवालयको र पालिका र वडा स्तरको हकमा जिल्लाको स्वीकृती लिएर ६ महिना थप हुन सक्ने छ ।

## २७. अविश्वासको प्रस्ताव

महासंघ अर्न्तगतका सबै तहका समन्वय परिषद् सचिवालयका पदाधिकारीहरुले महासंघको नीति एवं उद्देश्य विपरित गम्भीर कार्य गरेको अभियोग लगाई आ-आ˜ना समन्वय परिषद्का कुल सदस्य संख्याको १/३ (एक तिहाई) सदस्यहरुले हस्ताक्षर गरी अविश्वासको प्रस्ताव दर्ता गर्न सकिनेछ । तर उक्त अविश्वासको प्रस्ताव दर्ता गर्नु पूर्व सम्बन्धीत पदाधिकारीको मातृ संस्थाबाट सहमति लिनुपर्नेछ । अविश्वासको प्रस्ताव दर्ता भएपछि अविश्वासको प्रस्ताव उपर छलफल गरी आ-आ˜ना समन्वय परिषद्को कुल सदस्य संख्याको २/३ बहुमतबाट पारित भएका सचिवालयका पदाधिकारीलाई सो पदबाट बर्खास्त गर्न सक्नेछ । तर त्यस्तो अविश्वासको प्रस्ताव दर्ता भएपछि निज ब्यक्तिलाई सफाईको मौकाबाट बञ्चित गरिने छैन ।

# विविध-८

## निर्वाचन समिति

## २८. निर्वाचन समिति

क) अधिवेशनले महिला सहित ३ सदस्यीय एक निर्वाचन समिति गठन गर्नेछ । उक्त समितिले विभिन्न पदहरुको सर्वसम्मत वा निर्वाचन प्रक्रियाद्वारा निर्वाचन सम्पन्न गर्नेछ ।

ख) निर्वाचन समितिले यस नियमावलीमा व्यवस्था भए बमोजिम निर्वाचन गराउनु पर्नेछ ।

ग) निर्वाचन समितिले उम्मेदवारी नाम दर्ता, मतदाता नामावली सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

घ) निर्वाचन समितिले उम्मेदवार हुन र मतदान गर्न पाउने छैन ।

ङ) निर्वाचन सम्पन्न भएपछि निर्वाचन समितिको अध्यक्षद्वारा नियमावलीमा व्यवस्था भए बमोजिम शपथ ग्रहण गराउनु पर्नेछ ।

च) निर्वाचन सम्बन्धी सम्पूर्ण काम, कर्तव्य र अधिकार निर्वाचन समितिलाई हुनेछ ।

छ) निर्वाचन सम्बन्धी कार्यविधि निर्वाचन समितिले तयारगरी अधिवेशनमा अनुमोदन गराउनु पर्नेछ ।

ज) निर्वाचन समितिले निर्वाचन सम्बन्धी कार्यहरु सम्पन्न गरेपछि निर्वाचन समिति स्वतः विघटन भएको मानिनेछ ।

## २९. प्रत्याव्हान

देहाय बमोजिमको अवस्थामा प्रत्याव्हान गर्न सकिनेछ ।

क) महासंघ अर्न्तगतका समन्वय परिषद्का सदस्यहरुलाई आफ्नो मातृसंस्थाले आवश्यक ठानेमा जुनसुकै समयमा प्रत्याव्हान (फिर्ता) बोलाउन सक्नेछ, परिषद् सदस्यले पनि समन्वय परिषद्मा प्रतिनिधित्व गर्न नचाहि आफ्नो मातृसंस्थालाई लिखित रुपमा जानकारी दिएमा उक्त संस्थाले यस नियमावलीको नियम २८ बमोजिम फिर्ता गरि अर्को व्यक्तीलाई समन्वय परिषद्मा प्रतिनिधित्व गराउनु पर्नेछ ।

ख) महासंघका समन्वय परिषद् सचिवालयका पदाधिकारीहरुले आफ्नो मातृसंस्था तथा महासंघको विधान विपरित गम्भीर कार्य गरेको व्यहोरा सहित निजको मातृसंस्थाले बहुमतको निर्णय सहितको निवेदन दिएमा सम्बन्धित पदाधिकारहिरुलाई प्रत्याव्हान गर्न सकिनेछ ।

## ३०. पद रिक्तता

क) कुनै पनि तहका समन्वय परिषद् सचिवालयका पदाधिकारीहरुले राजिनामा दिएमा ।

ख) पदाधिकारीहरुको मृत्यु भएमा ।

ग) मातृसंस्थाले प्रत्याव्हान (फिर्ता) बोलाएमा ।

घ) नियमित बैठकमा विना सूचना ३ पटक लगातार अनुपस्थित भएमा पद रिक्त भएको मानिनेछ ।

**३१.पद्पूर्ति**

रिक्त भएको पदमा सम्बन्धित समन्वय परिषद्ले सम्बन्धित सदस्य संगठनबाट पदपूर्ति गर्नेछ ।

## विविध-९

**महासंघको प्रतीक चिन्ह, छाप, झण्डा र सपथ ग्रहण**

**३२) महासंघको प्रतीक चिन्ह र छाप**

नेपाल आदिवासी जनजाति महासंघको छाप र प्रतीक चिन्ह नै महासंघ अर्न्तगतका समन्वय परिषदको पनि छाप र प्रतीक चिन्ह हुनेछ ।

**३३) महासंघको झण्डा र शपथ ग्रहण**

नेपाल आदिवासी जनजाति महासंघको झण्डा र शपथ ग्रहण नै समन्वय परिषको पनि झण्डा र शपथ ग्रहण हुनेछ ।

**३४) संस्थाको कार्यालय**

महासंघ अर्न्तगतका विभिन्न तहका समन्वय परिषद सचिवालयको कार्यालय आ-आ´नो क्षेत्र भित्र रहनेछन् ।

नेपाल आदिवासी जनजाति महासंघ
Nepal Federation of Indigenous Nationalities

शपथ ग्रहण
नेपाल आदिवासी जनजाति महासंघ
....................समन्वय परिषद
निर्वाचन समिति

शपथ ग्रहण

म.........................................................................यस निर्वाचन समिति र उपस्थित प्रतिनिधि तथा पर्यवेक्षकहरुलाई साक्षी राखी शपथ लिन्छु कि नेपाल आदिवासी जनजाति महासंघ ..............................समन्वय परिषद सचिवालयको ....................पदमा निर्विरोध/निर्वाचित भएकोले महासंघको विधान र नियमावलीमा तोकिएको कार्य मेरो तन, मन, वचन, कर्म र विवेकले जाने बुझेसम्म इमान, धर्म तथा परम कर्तब्य सम्झी महासंघ र सदस्य संगठन एवं नेपालका आदिबासी जानजातिहरु प्रति वफादार रही नेपाल

आदिबासी जनजाति महासंघको विधान २०४७-२०५३ (पहिलो संशोधन-२०६३), दोस्रो संशोधन २०७८ र नियमावली २०८१ समेतको अधिनमा रही आˆनो काम, कर्तब्यको पालना गर्नेछु । जय आदिवासी जनजाति ।
धन्यवाद ।

सपथ लिने ब्यक्तिको नाम ः.................................
समिति ः...............................................................
पद ः....................................................................
हस्ताक्षर ः.................................................

............................
प्रमुख निर्वाचन समिति

मिति ः ............................